सूचना प्रकाशन मितिः २०७६।०९।०९

# न्याय सेवा आयोग

## परीक्षा महाशाखाको सूचना

**जिल्ला न्यायाधीशको आन्तरिक खुला, खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन**

नेपालको संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ख) र (ग) बमोजिम देहायको समूह अन्तर्गत जिल्ला न्यायाधीशको पदमा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नको लागि देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूले दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

<table>
<tr><th rowspan="3">क.सं.</th><th rowspan="3">विज्ञापन नं.</th><th rowspan="3">समूह</th><th rowspan="3">माग पद संख्या</th><th colspan="5">लिखित परीक्षा कार्यक्रम मिति र समय</th></tr>
<tr><th rowspan="2">प्रथम पत्र (विधिशास्त्र, संवैधानिक कानून र कानून प्रणाली)</th><th rowspan="2">द्वितीय पत्र (देवानी कानून र देवानी कार्यविधि)</th><th rowspan="2">तृतीय पत्र (फौजदारी कानून र फौजदारी कार्यविधि)</th><th colspan="2">चौथो पत्र (मिसिल अध्ययन)</th></tr>
<tr><th>प्रथम खण्ड (फैसला लेखन)</th><th>दोस्रो खण्ड (आदेश लेखन)</th></tr>
<tr><td>१.</td><td>०००१/०७६-७७</td><td>आन्तरिक खुला</td><td>१४</td><td rowspan="7">२०७६।११।२१<br>अपरान्ह १.०० बजे</td><td rowspan="7">२०७६।११।२२<br>अपरान्ह १.०० बजे</td><td rowspan="7">२०७६।११।२३<br>अपरान्ह १.०० बजे</td><td rowspan="7">२०७६।११।२४<br>विहान ९.०० बजे</td><td rowspan="7">२०७६।११। २४<br>अपरान्ह २ .०० बजे</td></tr>
<tr><td>२.</td><td>०००२/०७६-७७</td><td>खुला</td><td>९</td></tr>
<tr><td>३.</td><td>०००३/०७६-७७</td><td>महिला</td><td>१</td></tr>
<tr><td>४.</td><td>०००४/०७६-७७</td><td>आदिवासी/जनजाती</td><td>२</td></tr>
<tr><td>५.</td><td>०००५/०७६-७७</td><td>मधेशी</td><td>१</td></tr>
<tr><td>६.</td><td>०००७/०७६-७७</td><td>अपाङ्ग</td><td>१</td></tr>
<tr><td>७.</td><td>०००८/०७६-७७</td><td>पिछडिएको क्षेत्र</td><td>१</td></tr>
</table>

**परीक्षाको किसिमः-** लिखित र अन्तरवार्ता ।

**परीक्षा केन्द्रः-** परीक्षा काठमाण्डौ उपत्यकामा मात्र लिइने र केन्द्रहरू पछि सूचनाद्वारा तोकिने छ।

**परीक्षा दस्तुरः-** आन्तरिक खुलाको लागि रु.२०००।-(दुई हजार), खुलाको लागि रु. २०००।-(दुई हजार) र प्रत्येक समावेशी समूहका लागि थप रु. ५००।- (पाँच सय) दस्तुर बुझाउनु पर्नेछ ।

**दरखास्त दस्तुर बुझाउने स्थानः-** न्याय परिषद सचिवालय, रामशाहपथ स्थित कार्यालय ।

**दरखास्त दिने अन्तिम मितिः-** विज्ञापन सूचना प्रकाशन भएको मितिले ३० दिन र दोब्बर दस्तुर तिरी थप ७ दिन सम्म।

**अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।

**तलबः** प्रचलित स्केल बमोजिम ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** जिल्ला न्यायाधीशलाई प्रचलित कानून बमोजिम तोकिएको काम ।

**आवश्यक न्यूनतम योग्यता र अनुभवः** -नेपालको संविधानमा तोकिए बमोजिम ।

**द्रष्टव्यः**

१. अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारको हकमा जिल्ला न्यायाधीश पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा न्यूनतम सेवा अवधि पुरा भएको हुनुपर्नेछ । दोब्बर दस्तुरको म्यादलाई शैक्षिक योग्यता, अनुभव र सेवा अवधि तथा अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

२. न्याय सेवा आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

३. लिखित परीक्षामा सहयोगी माग गर्ने उम्मेदवारले विशेष परिस्थिति परेको अवस्थामा बाहेक परीक्षा शुरु हुनु भन्दा दश दिन अगावै आयोगमा लिखित निवेदन दिनु पर्नेछ ।

४. आन्तरिक खुला, खुला, र समावेशी तर्फको परीक्षा संयुक्त हुनेछ । अन्तरवार्ताका लागि छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा आन्तरिक खुला, खुला र समावेशी समूहतर्फ एकमुष्ठ रुपमा बर्णानुक्रमका आधारमा प्रकाशन हुनेछ र अन्तरवार्ता एकै पटक लिइने र एकमुष्ठ योग्यताक्रम प्रकाशन गरिनेछ।

५. आन्तरिक खुला, खुला र समावेशी समूहमा दरखास्त दिने उम्मेदवारहरुले दरखास्तसाथ दरखास्तको महलमा उल्लिखित विवरणहरु प्रमाणित गर्ने प्रमाणपत्रहरुको प्रतिलिपिहरु र सम्वन्धित निकायमा कार्यरत उम्मेदवारहरुले सोही निकायबाट र अन्य उम्मेदवारहरुले नोटरी पव्लिकबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ।

६. आन्तरिक खुलातर्फ दरखास्त पेश गर्न चाहने उम्मेदवारले नेपालको संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ख) बमोजिम न्याय सेवाको राजपत्रांकित द्वितीय श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेको अनुभव भएको व्यहोरा आफू कार्यरत निकायको प्रमुखबाट दरखास्तको तोकिएको महलमा प्रमाणित गरिएको हुनु पर्नेछ।

७. खुलातर्फ दरखास्त पेश गर्न चाहने उम्मेदवारले नेपालको संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ग) बमोजिम न्याय सेवाको राजपत्रांकित पदमा कम्तीमा आठ वर्ष काम गरेको अनुभव भएको व्यहोरा आफू कार्यरत रहेको निकायको प्रमुखबाट दरखास्तको तोकिएको महलमा प्रमाणित गरिएको हुनुपर्नेछ ।

८. खुलातर्फ दरखास्त पेश गर्न चाहने कानूनमा स्नातक उपाधि प्राप्त गरी अधिवक्ताको रूपमा निरन्तर कम्तीमा आठ वर्ष वकालत गरेको वा कानूनको अध्यापन, अन्वेषण वा कानून वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा कम्तीमा आठ वर्ष काम गरेका उम्मेदवारहरूले त्यस्तो काम गरेको अनुभवको विवरण दरखास्तको तोकिएको महलमा उल्लेख गरि अधिवक्ताको हकमा नेपाल कानून व्यवसायी परिषदबाट प्रमाणित गराई तथा अन्यको हकमा सम्बन्धित निकाय वा संस्थाको प्रमुखबाट प्रमाणित गराई त्यस्तो अनुभवको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ ।

स्पष्टिकरणः यस दफाको प्रयोजनको लागि "काम गरेको अनुभव" भन्नाले कानूनका स्नातक उपाधि हासिल गरेपछि प्राप्त अनुभवलाई जनाउछ । साथै "कानूनको अन्वेषण वा कानून वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा कम्तीमा आठ वर्ष काम गरेको अनुभव" भन्नाले अधिकृतस्तरमा काम गरेको अवधिलाई बुझ्नु पर्छ ।

९. एउटै अवधिमा दुई वा सो भन्दा बढि निकायमा काम गरेको भएमा पुरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिने छ ।

१०. नियुक्ति पत्र वा करारनामामा नै आंशिक रूपमा काम गर्न उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन।

११. एक वर्ष भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन ।

१२. सहायक स्तरमा पदाधिकार रही अधिकृतस्तरका कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइने छैन ।

१३. लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारहरूले अन्तर्वार्ता दिनु अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता तथा समावेशीतर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नु पर्ने भनी उल्लेख गरिएका सम्पूर्ण कागजातहरूको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने छ ।

१४. उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने समूहहरूको विवरण निर्धारित ढाँचामा अनिवार्य रूपमा खुलाउनु पर्नेछ । अन्यथा परीक्षामा समावेश गराइने छैन ।

१५. दरखास्त दिने उम्मेदवारले विदेशी संस्थामा अध्ययन गरेको भएमा सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्ने छ ।

१६. परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नु पर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

१७. परीक्षा फाराम र पाठ्यक्रम आयोगको वेबसाइट http://www.jcs.gov.np बाट प्राप्त गर्न सकिने छ ।

**समावेशी समूहतर्फ दरखास्त दिँदा उम्मेदवारले पेश गर्नुपर्ने थप कागजातहरू**

समावेशी समूहतर्फका विज्ञापनहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू संलग्न गरि दरखास्त दिनुपर्ने छ । लिखत परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लिखित कागजातहरू नभएमा जुनसुकै समयमा दरखास्त फाराम रद्द हुनेछ ।

१. आदिवासी / जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

   तर नेपाल आदिवासी / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात ।

२. मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा,

   तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात।

३. अपाङ्गको हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषदबाट अपाङ्गता प्रमाणित गरेको आधारमा,

४. पिछडिएको क्षेत्रको हकमा न्याय परिषद नियमावली, २०७४ को नियम ६ को उपनियम (३) मा उल्लिखित बझाङ, अछाम, बाजुरा, कालिकोट, हुम्ला, जुम्ला, मुगु, डोल्पा र जाजरकोट जिल्लामा स्थायी बसोबास गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनि प्रमाणित गरेको आधारमा ।